# अनुगमन प्रतिवेदन २०७९

यस गाँउ कार्यपालिकाको कार्यालयले हम्ला जिल्ला सिमकोट गाँउपालिका भित्रका ८ वटै वडामा बिभिन्न आयआर्जन तथा भौतिक पूर्वाधार बिकाश र क्षमता बिकाशका बिभिन्न कृयाकलापहरु संचालन गर्दै आईरहेको छ। यी ८ वटै वडाहरुमा यस सिमकोट गाँउपालिकाले काम गर्ने क्रममा यी सबै वडाहरुमा हरुमा भए गरेका बिभिन्न कामहरुको अनुगमन बेलाबेलामा कार्यालयबाट गर्दै आईरहेको देखिन्छ। केही हद सम्म यस दुर्गम पिछडीएको गा. पा मा बसोबास गर्ने मानिसहरुका बिभिन्न समस्याहरुको निराकरण गरिएको छ। यस अनुगमन बाट ग्रामिण क्षेत्रका समुदायलाई गरीबी निवारण तथा पूर्वाधार बिकासको उद्धेश्य,लक्ष्य अनुसार अगाडी बढाउनका लागी प्रेरीत गराई आपनत्वको भावना जगाएको छ। खास गरी यस अनुगमनबाट अनुगमन टोलीमा सरोकारवाला सरकारी कार्यालय, प्रत्रकारहरु,र संघ संस्थाका कर्मचारीहरु संग सहकार्य र समन्वय गरि अनुगमन गरीदा एक आपसमा सहयोगको भावना बढ्नाका साथै बिकासमा सहयोग पुग्ने देखिन्छ। स्थानीय वासिन्दालाई समयानुकुल कार्यक्रम गर्न प्रेरित गर्ने जस्ता कार्यक्रमहरु संचालंन गर्नको लागि यस कार्यालयले आफ्नो कार्यक्रम अगाडि बढाउनका लागी सहयोग र सुझाब दिई हौसला प्रदान गरीएको छ। यस अनुगमन बाट ८ वटै वडा अनुगमन गरी बिभिन्न योजनाहरु अवलोकन गर्दा सफल बनाउन यथाचित प्रयास गरीएको छ। आगामी कृयापलाप पनी यस पटकको भन्दा उत्कृष्ट हुने गरि कार्यालयले अगाडी बढाउन आग्रह गर्दछु।

## २. उद्देश्य (Objectives)

- गाउपालिका मार्फत संचालित आयआर्जन, भौतिक पूर्वाधार बिकास तथा क्षमता बिकासका कृयाकलापहरुको अनुगमन गरि अझ दिगोपना कायम गर्नका लागी सहयोग गर्ने।
- स्थानिय सरकारको निति नियम र संचालन प्रकृया वारेमा जानकारी गराई योजना संचालनमा सबैको समान सहभागीतामा कार्यक्रम अगाडी बढाउन प्रेरीत गर्ने।
- सबै सरोकारवाला निकायहरुवाट कार्यक्रमको जानकारी गरी एक आपसमा समन्वय गर्न सहयोग गर्ने।
- शुसाशन कायम गर्ने।
- जनभावनाको कदर गर्ने

## ४ कृयाकलाप (activities)

२०७९ साल असाढ १५ गतेका दिन यस सिमकोट वाट उपाध्यक्षको संयोजकत्वमा ५ जनाको अनुगमन टोली वडा नं १ देखि ८ सम्म अनुगमन कार्यमा गा.पा को आ आफ्नो कार्य क्षेत्र तिर प्रस्थान गरीयो।

| सि .नं . | अनुगमन गर्ने पदाधिकारीको नाम | बिवरण | मिति | कृयाकलाप |
|---|---|---|---|---|
| १ | • शुसिला रोकाया<br>• प्रताप लामा<br>• पामा लामा<br>• कमल बुढा<br>• महेन्द्र रोकाया | सिमकोट गाँउपालिका वडा नं १ देखि ०८ सम्म | ०७९/०३ /१५-२३ | सिमकोट गा.पा वडा नं १ देखि ८ सम्म का समुदाय तथा उपभोक्ता सँग संचालित कृयाकलापको बारेमा छलफल र योजनाहरुको निरिक्षण तथा अनुगमन।<br>१.श्री सिद्धार्थ आधारभुत बिद्यालय निर्माण काम सम्पन्न ०४<br>२.स्याम्ने खानेपानी. निर्माण काम सम्पन्न ०५<br>३.आधारभुत स्वास्थ्य घेरबार काम सम्पन्न ०६<br>४.दलित सामुदायिक भवन निर्माण काम सम्पन्न ०६<br>५. काला डाँडा देखि ग्यामचौर सम्म सिंचाई निर्माण काम सम्पन्न ०५<br>६.दोभान प्रा बि भवन निर्माण काम सम्पन्न ।०७<br>७. रिंग रोड निर्माण योजना काम स्चालनमा ।०५ |

| | | | | |
|---|---|---|---|---|
| | | | | ८.जबुका सामुदायिक भवन निर्माण काम सम्पन्न ।०७<br>९.ओखेन खानेपानी निर्माण काम सम्पन्न । ०७<br>१०.सामुदायिक स्वास्थ्य ईकाई भवन निर्माण । काम सम्पन्न ०८<br>११.चुम्टी खब्ला देखि राता ओखर सिंचाई काम सम्पन्न ।०७<br>१२.लांदु कृषि सडक मर्मत काम सम्पन्न । ०३<br>१३.टिल्मी सांतार आवादी जगा घेरवार काम सम्पन्न । ०३<br>१४. छ्योतन नर्सरी घेरवार बरगाँउ काम सम्पन्न । ०३<br>१५. सिल्लाईना गाौंडा घोबाटो काठेपुल साता काम सम्पन्न ०८<br>१६.मसेडि बाटो निर्माण तल्लोगाँउ । काम सम्पन्न ०५<br>१७.थाया बाटो निर्माण काम सम्पन्न ।०७<br>१८.रडि खेल्ना जग्गा घेरवार काम सम्पन्न ०७<br>१९.चोर उकाला जग्गा घेरवार काम सम्पन्न ०७<br>२०.जबुका पिप्ल्याडी बाटो निर्माण काम सम्पन्न ०७<br>२१.लिउडे खेत देखि खोला सम्मको बाटो काम सम्पन्न ०८<br>२२.सुन्टोपे देखि दोगाडी सम्मको बाटो निर्माण काम सम्पन्न ०८<br>२३.थला देखि नौला खर्क सम्म घेरबार काम सम्पन्न ।०८<br>२४.पांसार देखि पाप्सोल्सा सम्म घेरवार काम सम्पन्न ०४<br>२५.भलाने घेरवार काम सम्पन्न ०१<br>२६.पानीमुल घेरवार काम सम्पन्न ०५<br>२७.स्याङटाङ जुमा चौरी खर्क निर्माण काम सम्पन्न ०२<br>२८.हिल्दुम स्याम्ने स्याउ ओखर घेरबार काम सम्पन्न ०४<br>२९.खोल्सी हुदै शैन जाने बाटो मर्मत काम काम सम्पन्न ०८<br>३०.स्याउ ओखर घेरबार साङतर काम सम्पन्न ०३<br>३१.गुरा माडु निर्माण कार्य काम सम्पन्न । ०५<br>३२. पाखामाड्न काठेपुल मर्मत योजना काम सम्पन्न भएको । ०७<br>३३.टुंमा सोल्सा माडु निर्माण काम सम्पन्न ।०३<br>३४. कालाशिल्ता माँडु निर्माण काम सम्पन्न ।०६<br>३५. पाल्टसीमा खानेपानी मर्मत तथा पोखरी निर्माण योजना काम सम्पन्न ।०७<br>३६.बरगाँउ सिंचाई ग्याबिन मिल सम्म काम सम्पन्न ०३<br>३७. पाम्लाथुम बत्ती बिस्तार काम ,सम्पन्न ।०७<br>३८.मानसरोवर बिद्यालय भवन निर्माण काम संचालनमा ०६<br>३९. मानसरोवर बिद्यालय भवन मर्मत काम सम्पन्न ।०६<br>४०.भेडिगाड काठेपुल निर्माण काम सम्पन्न ।०८<br>४१.बुराँउसे खोला नियन्त्रण कार्य काम सम्पन्न । ०४<br>४२. लुम्पुछे खानेपानी मर्मत काम सम्पन्न ।०७<br>४३.पाल्टसी गारेटो बाटो मर्मत काम सम्पन्न । ०७<br>४४. कुति हिल्सा मन्दिर काम संचालनमा ०८<br>४५.सामुदायिक भवनको फोहोर पानी निकास योजना काम सम्पन्न०४<br>४६.सामुदायिक स्वास्थ्य ईकाई भवन लिमाटाङ काम सम्पन्न ।०३<br>४७.स्याडा सिंचाई काम संचालनमा ।०७<br>४८.कुम्लिक स्वास्थ्य ईकाई भवन काम सम्पन्न ।०१<br>४८.दोबाटो देखि सामुदायिक भवन सम्म ग्याबिन काम सम्पन्न ।०४ |

**प्रतिफल**

- समुदायका मानिसहरुसँग एक आपसमा छलफल गर्ने बानीको बिकाश ।
- समुदायमा संचालन भएको बिषयगत क्षेत्रका योजनाको बारे चेतनामा कमी भएको यस बारेमा केही मात्रामा चेतनाको बृद्धी ।
- पूर्वाधारको कार्यक्रमहरुको निकासा रोक्का गर्ने भन्दा चासोमा बृद्धी ।
- यस अनुगमनवाट सबै सरोकारवाला निकायको उपस्थीती गराउनुपर्ने पाठको सिकाई ।
- पुर्वाधार बिकासबाट समुदायका मानिसहरुलाई एकआपसमा सहयोगको भावनाको बृद्धि भएको ।
- व्यक्तिगत भन्दा पनि सामुहिक बिकासका योजनाहरुको माग ।
- नियमित अनुगमनको आवाश्यकता महशुस ।

**सिकेका पाठ**

यस अनुगमनले गर्दा समुदायमा लगाउने गरेका कुनै पनि राजनैतिक आरोप,अन्य नकारात्मक सोचले गर्दा समुदायलाई नराम्रो बाटोतिर लैजाने गरेकाले यसलाई सबैले आ-आप्नो तर्फवाट समुदायलाई सम्झाएर यो सोचलाई हटाउनु पर्ने देखिन्छ ।

**बाधा अड्चनहरु**

- कामको सिजन भएकाले समुदायका मानिसहरुलाई जम्मा गर्न कठिन ।
- पुरानो छापका कारण सम्बन्धित उ.स. का मानिसहरु सम्पर्कमा नआउने ।
- बिषयगत कर्मचारीहरु तथा प्राबिधिकहरुको कम उपस्थितीको कारण कार्यक्रमहरु अन्योल भएको ।

**सुझाब**

- बिषयगत क्षेत्रका प्राबिधिक तथा फिल्ड सुपरभाईजरहरुसँग अनुगमन समितीको बैठक बसी समन्वय गर्नुपर्ने।
- गा.पा भरिका सबै जसो योजनाहरुको गुणस्तर तथा परिमाणात्मक रुपमा सन्तोषजनक नभएकोले अबका दिनमा यो समस्या बाट उम्कने उपाय निकाल्नु पर्ने ।
- बिषेश गरि रोजगारीका योजनाहरुको काम अलि कम प्रभावकारी भएकोले यसमा सुधार ल्याउनुपर्ने ।
- कुनै कुनै योजनाहरुको काम भर्खरै सुरु भएको र कुनैको सुरु नै नभएकाले छिटो भन्दा छिटो काम सम्पन्न गराउनु पर्ने ।
- यो आ.व को काम हरुमा अलिकती कमीकमजोरी देखिएपनि आउने दिनहरुमा यस्ताखालका कमजोरीहरु हटाउन सबै पक्षहरुसँग समन्वय गरि कडाईका साथ लाग्नुपर्ने ।
- स्थानिय भएकोले सबै पक्षमा पूर्वाग्रही भाव झल्किएकाले तत्काल भावमुक्त हुनुपर्ने ।
- ज.प्र.,कर्मचारी र उ.स. हरुसबै बिकासे काममा कम जिम्मेवार देखिएकाले जिम्मेवारी बहन गर्ने गराउने ।

**प्रतिवेदक**

२०७९।०३।२३

| | |
|---|---|
| शुसिला रोकाया | संयोजक |
| प्रताप लामा | सदस्य |
| कमल बुढा | सदस्य |
| पामा लामा | सदस्य |
| महेन्द्र रोकाया | सदस्य |